
जि.प्र.का.सि.द.नं. १४९/०८०/०८१

जि.हु.का.सि.द.नं. ४/२०८१/०८२

# हुँकालोली

HUKALOLI NATIONAL DAILY

राष्ट्रिय दैनिक



लहानमा एमाले प्रतिनिधि यादवको हायसमा आगजनी पृष्ठ नं ४ मा

वर्ष : ०१ अंक : १८८ | २०८२ मंसिर १७ गते, बुधवार | 2025 Dec. 03 Wednesday | पृष्ठ : ४ | मूल्य रु. ५/-

## मुख्यमन्त्री यादव विश्वासको मत लिँदै



जनकपुरधाम, १६ मंसिर । मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव आज (बुधवार) दिउँसो २ बजे प्रदेशसभाबाट विश्वासको मत लिन लागेका छन् । सर्वोच्च अदालतले ४८ घण्टाभित्र विश्वासको मत लिन निर्देशन दिएपछि उनले सोमबारदेखि नै राजनीतिक संयोजन तीव्र पारेका थिए । बुधवार बिहान आयोजित पत्रकार सम्मेलनमा मुख्यमन्त्री यादवले विश्वासको मतका लागि –बाँकी तीन पेजमा


## एमपिएल टी–ट्वान्टी क्रिकेट सिरहामा सुरु



सिरहा, १६ मंसिर । सिरहाको शंकर रंगशालामा माडर प्रिमियर लिग (एमपिएल) टी–ट्वान्टी क्रिकेट प्रतियोगिता सुरु भएको छ । सनराईज क्रिकेट क्लब माडरको आयोजनामा –बाँकी तीन पेजमा

# सम्बन्धित निकायको उदासीनता

## विद्यालयमा भवन अभावले पठन पाठन समस्या उत्पन्न



सिरहा, १६ मंसिर । आवश्यक पर्ने भवन नभएर गोलबजार नगरपालिका–२, गुन्धामस्थित श्री माध्यमिक विद्यालयको पठन पाठनमा समस्या हुँदै आएका छन् । विद्यालय ज्ञानको थलो हो, भन्ने सबैको बुझाइ भए पनि आवश्यक भौतिक संरचना नभएर विद्यार्थीदेखि शिक्षकसम्मलाई पठन–पाठन गराउनमा कठिनाई हुँदै आएको छ । स्वीकृत गरी दुई कोठे नयाँ भवन निर्माण योजना अन्तर्गत पुरानो भवन भत्काइएको थियो । तर नयाँ भवन निर्माण समयमा हुन नसक्दा विद्यालय हाल कक्षाकोठाविहीन जस्तै भएको छ ।

२३ लाख ७५ हजार मध्य २२ लाख ७५ हजार भुक्तानी भइसकेको छ तर निर्माण कार्य अधुरै छाडिँदा विद्यार्थीहरू खुला ठाउँ र विभाजन गरिएका अस्थायी साना–अन्ध्यारो कक्षामा कष्टसाध्य रूपमा पढ्न बाध्य छन् । विद्यार्थीहरू भन्छन्,"कक्षा कोठा सानो र अन्ध्यारो भएकाले बोर्डको अक्षर हेर्न समस्या हुन्छ । एउटै कोठालाई दुईवटा बनाइँदा अर्को कक्षाको आवाज हाम्रो कक्षामा आउँछ । आवतजावत गर्न पनि धेरै समस्या पर्छ । भौतिक सुविधाको अभावले पठन–पाठन प्रभावित भएको बताउँछन् । शिक्षकको आवाज अर्को कक्षाबाट पनि आइरहन्छ । भ्याल–ढोका नमिल्दा चिसो लाग्छ । त्यसमाथि विद्यालयमा एउटा मात्र शौचालय छ, त्यो शिक्षक–विद्यार्थी सबैले प्रयोग गर्नुपर्ने उनीहरूले थपे ।

शिक्षकहरू पनि समस्याबाट पीडित छन् । विद्यालयका शिक्षक सञ्जय यादव भन्छन्, समस्या बीचमै विद्यार्थीलाई पढाउनुपर्ने बाध्यता छ । भवन भत्काइयो, नयाँ बन्न ढिलो भयो । भएकै कोठा दुई भागमा पारेर पढाइ गर्नुपरेको छ, जसले कोठा साँघुरो र अन्ध्यारो बनाएको छ । शौचालय पनि भत्किएकाले विद्यार्थीको शौचालय शिक्षकले समेत प्रयोग गर्नुपरेको छ । विद्यालयका प्रधानाध्यापक रामउदगार यादवले भवन निर्माण तथा ठेक्का प्रक्रियामा नगरपालिका, वडा अध्यक्ष र ठेकेदारबीच समन्वय अभाव रहँदै आएको दाबी गरेः पटक–पटक सोध्दा पनि वडा अध्यक्षले भवनबारे जानकारी दिँदैनन् । ठेक्का र निर्माण कार्य पारदर्शी नरहेको प्र.अ यादवको –बाँकी दुई पेजमा

### संक्षिप्तमा

- दुई कोठे नयाँ भवन योजना अन्तर्गत पुरानो भवन भत्काइएपछि नयाँ समयमै निर्माण नहुँदा कक्षाकोठाविहीन जस्तो अवस्था,
- २३ लाख ७५ हजारमध्ये २२ लाख ७५ हजार भुक्तानी सकिएको, तर भवन अधुरो,
- विद्यार्थीहरू अस्थायी साना–अन्ध्यारो कोठा र खुला ठाउँमा कष्टसाध्य रूपमा पढ्द
- **कक्षा सानो, अन्ध्यारो, बोर्ड देखिँदैन, आवाज–ध्वनि मिसिन्छ :** विद्यार्थीहरूको गुनासो
- **शिक्षकहरू पनि पीडित:** भवन भत्कियो, नयाँ बनेन, भएकै कोठा दुई भागमा पारेर पढाउनुपरेको ।
- **चार महिनादेखि बिजुली काटिएको** : ८५ हजार बक्यौता, ल्याब बन्द ।
- **प्रधानाध्यापकको आरोप** : नगरपालिका, वडा अध्यक्ष र ठेकेदार बीच समन्वय अभाव ।
- **वडा अध्यक्षको प्रत्युत्तर** : काम नसकिँदै प्र.अले भुक्तानी दिए, कमजोरी उहाँकै ।

## बोर्डरमा सुरक्षा व्यवस्था कडाई

### परिचय नखुलेलाई रोक लगाउन आदेश जारी



सिरहा, १६ मंसिर । सुरक्षा व्यवस्थामा नकारात्मकतालाई ध्यानमा राख्दै स्थानीय प्रशासनले बोर्डर क्षेत्रमा कडाई गर्न थालेका छन् । जिल्ला प्रशासन कार्यालय सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बराललले बोर्डरमा कडाई गर्न प्रहरीलाई निर्देशन दिएको –बाँकी तीन पेजमा

## लहानमा धान खरिदमा संकट



सिरहा, १६ मंसिर । सिरहाको लहानस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको शाखामा यस वर्ष धान खरिदमा गम्भीर चुनौती देखिएको छ । सरकारले तोकेको समर्थन मूल्यभन्दा स्थानीय –बाँकी तीन पेजमा




# कमला–कञ्चनपुर सडक विस्तारमा लापरवाहीका आरोप, स्थानीयको सडकमा आक्रोश

सिरहा, १६ मंसिर । कमला–कञ्चनपुर सडक विस्तारमा चाइना रेल्वे नम्बर २ इन्जिनियरिङ ग्रुपको लापरवाही भएको आरोप लगाउँदै स्थानीयवासीले बुधवार नरहा गाउँपालिका ३ नयाँचोक–चोहर्वा क्षेत्रमा प्रदर्शन गरे । ६ लेन राजमार्ग, नाला तथा ओभरपास निर्माणको मागसहित स्थानीयले हातमा प्लेकार्ड बोकेर सडकमा उत्रिएका थिए । स्थानीय अमरनाथ यादवका अनुसार मिर्चैया–गोलबजार–चोहर्वा क्षेत्रमा ६ लेन निर्माण भइरहेको भए पनि सदरमुकामतर्फ जाने मुख्य चोकमा कम्पनीले काम नै नगरेको र नाला निर्माणसमेत बेवास्ता गरेको कारण विरोध गर्नुपरेको हो ।

अर्का स्थानीय बेचन महतोले वडा कार्यालयदेखि चाइना कम्पनीको कार्यालयसम्म पटक–पटक ज्ञापनपत्र बुझाए पनि "कुनै सुनुवाइ नहुँदा सडकमा आउन बाध्य भएका" बताए ।



उनले सदरमुकाम जाने मार्गमा ६ लेन र ओभरपास नबनाउनु स्थानीयप्रति विभेद भएको आरोप लगाए । रामसेवक यादवले आवश्यक संरचना निर्माणको आग्रह गर्दा कम्पनीका कर्मचारीले उल्टै धम्की र निहुँ खोज्ने गरेको आरोप लगाए । "चाइना कम्पनीको मनपरी चल्दैन", "जनताको माग पुरा गर" जस्ता नारासहित गरिएको प्रदर्शनका कारण केहीबेर पूर्व–पश्चिम महेन्द्र –बाँकी दुई पेजमा

जिल्ला सिरहा धनगढिमाई नगरपालिका वडा नं -०९, चैनपुर स्थित विजय भेनियर प्लाई उद्योगको लागी आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी

## सार्वजनिक सूचना

मधेश प्रदेश जिल्ला सिरहा धनगढिमाई नगरपालिका वडा नं.-०९, चैनपुर स्थित विजय भेनियर प्लाई उद्योग गर्ने निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना : | नाम:- विजय भेनियर प्लाई उद्योग<br>ठेगाना: - धनगढिमाई नगरपालिका वडा नं.-०९, चैनपुर, सिरहा<br>सम्पर्क नं - ९८०१५०२९३३ |
| प्रस्तावको व्यहोरा : | धनगढिमाई नगरपालिका वडा नं. -०९, चैनपुरको ३७४ र १५४ गरि दुईवटा कित्ताको कुल क्षेत्रफल १-४-० (वि. क. धु.) भएको जग्गामा स्थापना भई संचालन हुने विजय भेनियर प्लाई उद्योगको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने कार्य। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा: | जिल्ला सिरहा धनगढिमाई नगरपालिका वडा नं -०९, चैनपुर |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालय | धनगढिमाई नगरपालिका ०९ नं. वडाको कार्यालय, सिरहा |
| प्रस्तावकको नाम र ठेगाना: | नाम:- विजय भेनियर प्लाई उद्योग<br>ठेगाना:- धनगढिमाई नगरपालिका वडा नं.-०९, चैनपुर, सिरहा<br>सम्पर्क नं: ९८०१५०२९३३ |
| परामर्शदाताको नाम र ठेगाना: | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., विरगंज -१६, पर्सा।<br>सम्पर्क व्यक्ति: शम्भु प्रसाद चौरसिया<br>सम्पर्क नं.: ९८५१००६६४३<br>इमेल: shambhuprasadchaurasia@gmail.com |

# लहानमा एमाले प्रतिनिधि यादवको हायसमा आगजनी



सिरहा, १९ मंसिर । लहान नगरपालिका–२ भगवानपुरका नेकपा एमाले महाधिवेशन प्रतिनिधि जितेन्द्रकुमार यादवको बा ०१–००६ ख ५८१८ नम्बरको इभी चार्जिङ हायसमा गएराति अज्ञात समूहले आगो लगाएको घटनाले लहानमा सुरक्षा व्यवस्थाप्रति गम्भीर प्रश्न उठाएको छ । घरअगाडि पार्क गरिएको हायसमा सोमबार राति ११ बजे आगो फैलिएपछि क्षणभरमै सम्पूर्ण गाडी जलेर नष्ट भएको गाडीका मालिक यादवले बताए । करीब ६० लाख रुपैयाँमा दुई वर्षअघि खरिद गरिएको लहान–काठमाडौं रुटमा यात्रु बुकानी गर्दै आएको हायस पूर्णरूपमा क्षतिग्रस्त बनेको छ। यादव हाली मंसिर १३ गते सम्पन्न एमालेको ११औं महाधिवेशन प्रतिनिधि चयनमा १,१८८ मतसहित विजयी भएका थिए, जसका कारण घटना राजनीतिक रूपमा पनि विश्लेषण भइरहेको छ।

आगो नियन्त्रणमा स्थानीयले ठूलो कठिनाइ भोगे । लहान–११, कहरा चोकसम्म सडक निर्माणका क्रममा बाटो खनिँदा गोलबजारबाट वारुण यन्त्र आउन झण्डै २ घण्टा लागेको थियो । लहान नगरपालिकाको ३० वर्ष पुरानो वारुण यन्त्र बिग्रिएको र इलाका प्रहरी कार्यालय लहानले नजिकै भएर पनि ढिलो प्रतिक्रिया दिएको भन्दै स्थानीय आक्रोशित बने । प्रहरी नायब उपरीक्षक कैलाश राईका अनुसार आगो लगाउने व्यक्तिको खोजी तीव्र पारिएको छ। लहानमा घरअगाडि पार्क गरिएको गाडीमा आगजनी भएको यो पहिलो घटना भएको उनले बताए । नगरवासीले नगरपालिकामा नयाँ वारुण यन्त्र नहुँदा बारम्बार आगलागी नियन्त्रणमा चुनौती देखिएको गुनासो गर्दै तत्काल सुधारका माग उठाएका छन् ।

## माइग्रेसन सर्टिफिकेट हराएको सूचना


मिति २०८२ कार्तिक २७ गते घरबाट सिरहा जाने क्रममा तपसिलमा उल्लेख भए बमोजिमको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा उल्लेखित ठेगानामा बुझाई दिनु हुनका लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।


**तपसिल :**

नाम : ओम प्रकाश श्रेष्ठ
ठेगाना : गा.वि.स.चन्द्रलालपुर–२,सिरहा
हाल: गोलबजार नगरपालिका-७,सिरहा
रजिष्ट्रेशन नम्बर : dce–२११०–०७
सिम्बल नं : ४३८५७
नागरिकता नम्बर : १५,३०६९/७२
सम्पर्क मो.नं. ९८२३१५८९५५












हुकालोली राष्ट्रिय दैनिकका लागि प्रकाशक/सम्पादक : बद्री नारायण साह, व्यवस्थापक: विनोद कुमार कर्ण, ९८६१९४०७७७ कानुनी सल्लाहकार : विनोद कुमार कर्ण
कम्प्युटर ले-आउट :जितेन्द्र मण्डल (जितु), ९८१५७०३५४०८ कार्यालय : सिरहा न.पा.–८, सिरहा फोन नं. ९८१५५३६४६४ e-mail : hukaloli2081@gmail.com मुद्रक : नयाँ मदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)